सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

कार्यपालिका बैठक संख्या :- ९६

बैठक मिति :- २०७७।१२।३०

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

**निर्णय नं. १**

इटहरी उपमहानगरपालिकाका प्रमूख प्रशासकीय अधिकृत श्री कृष्ण प्रसाद सापकोटा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।१२।१२ को निर्णयानुसार राजपत्रांकित प्रथम श्रेणी सहसचिव पदमा वढुवा भै यस कार्यालयबाट रमना भई जानुभएको र हाल मन्त्रालय बाट अन्य प्रमूख प्रशासकिय अधिकृत तोकी नपठाएको अवस्थामा दैनिक कार्यालयको कामकाज गर्न समस्या भएको हुदा यसै कार्यालयमा कार्यरत अधिकृत स्तर दशौं श्री सुर्य प्रसाद सुवेदीलाई प्रमूख प्रशासकीय अधिकृत तोकी नपठाए सम्मका लागि आर्थिक कारोवार सहितको निमित्त प्रमूख प्रशासकीय अधिकृतको जिम्मेवारी सहित तोकी पठाई दिन हुन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौ मा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिकाको स्वास्थ्य सेवाको सम्वन्धमा वनेको ऐन , २०७७ को दफा ३ को उपदफा १(ङ) मा भएको व्यवस्था वमोजिम नगर स्वास्थ्य विकास समितिको सदस्यमा कार्यपालिका सदस्य बाट देहाय वमोजिमको सदस्य मनोनयन गर्ने निर्णय गरियो ।

(क) ६ नं.वडाध्यक्ष श्री दिपक गौतम :- सदस्य

(ख) कार्यपालिका सदस्य श्री विश्व धिमाल :- सदस्य

(ग) कार्यपालिका सदस्य श्री जीरा चौधरी :- सदस्य